दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## आ.ब. २०७८/०७९ को

# नीति तथा कार्यक्रम

वि.स २०७८ असार ८ गते मंगलवार

**आदरणीय यस गरिमामय सभाका सदस्यज्यूहरु ,**

नेपालको संविधान, २०७२ ले दिएको संवैधानिक अधिकारको प्रयोग गर्दै, नेपालको संविधान, २०७२ को मर्म र भावनालाई आत्मसात गर्दै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कार्यादिशालाई ध्यान दिदै, सार्वभौमसत्ता सम्पन्न जनता र ती जनताका निर्वाचित जनप्रतिनिधिहरुको हैसियतले दंगीशरण गाउँपालिकाको आ. व. २०७८/०७९ को निति तथा कार्यक्रम यस गरिमामय गाउसभा समक्ष प्रस्तुत गर्न पाउँदा मैले गौरवान्वित महसुस गरिरहेको छु ।

संङ्घिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधाभूत मूल्य र मान्यताको सम्माक्त दिगो विकास र शान्ती, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागी देशले लिएको समृद्ध नेपाल, सुखि नेपालीको राष्ट्रिय आकाङ्क्षालाई आत्मसाथ गदै, संघ र प्रदेशसँगको समन्वय, सहअस्तित्व र सहकार्यमा दंगीशरण गााउपालिकाले लिएको **"हामी सबैको प्रणः समृद्ध दंगीशरण"** को दिर्घकालिन सोच पुरा गर्न तर्फ प्रतिवद्ध रही दंगीशरण गाउँपालिका को आ.व. २०७८/०७९ को वार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।
यस महत्वपुर्ण घडिमा नेपालको राष्ट्रियता, अखण्डता, स्वाभिमान र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्ने हाम्रा वीर पुर्खा, अमर सहिद तथा अग्रज प्रति उच्च सम्मान व्यक्त गदै सामाजिक, अर्थिक रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु । यो सम्मानित गाउँसभाले पारित गरेका सबै निति तथा कार्यक्रमहरु कार्यान्वयनका लागी पूर्ण प्रतिबद्धता व्यक्त गर्दछु ।

गत वर्ष देखि विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीको दोस्रो लहर झनै भयवाह रुपमा देखापरि जनस्वास्थ्यका क्षेत्रमा गम्भीर समस्या पैदा गर्दा हामीले यस क्षेत्रमा थप लगानी गर्नूपर्न समस्या र चुनौती सिर्जना भएको छ । यस घडिमा कोभिड-१९ का कारण ज्यान गुमाउनु हुने मृतकहरु प्रति भावपुर्ण श्रद्धाञ्जली तथा सम्पुर्ण दिदीबहिनी तथा दाजुभाईहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै कोभिड -१९ को रोकथाम, उपचार र नियन्त्रणमा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधी लगायत आ-आफनो ठाउँबाट स्वास्थय मापदण्डको पालना गरी सहयोग पुऱ्याउनुहुने सम्पुर्णमा विशेष धन्यवाद दिन चाहान्छु ।

**सभाका सदस्यज्यूहरु,**

जनताको अमूल्य मतबाट निर्वाचित भएर आएको करिब चार वर्ष पुग्नै लाग्दा दंगीशरण गाउँपालिकाको विकास र समुन्नतिका लागि केही उल्लेख्य कार्य गर्न हामी सफल भएका छौं भने स्थानीय सरकार सञ्चालनको नयाँ अभ्यास भएका कारण पनि कतिपय विषयहरु हाम्रा लागि सिकाईका विषय भए । शून्यबाट स्थापित भएको हाम्रो स्थानीय सरकार सञ्चालनको अभ्यासले हालसम्म आइपुग्दा केही आकार प्राप्त गरेको छ । सिमित स्रोत साधनको अधिक्तम उपयोग गरी यस बीचमा हामीले लक्ष्य अनुसारको हासिल गरेका उपलब्धीहरु वुँदागत रुपमा उल्लेख गर्ने अनुमती चाहन्छु ।

१. गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न विषयका कानुनहरु निर्माण गरी कार्यान्वयन प्रारम्भ गरेका छौं ।
२. गाउँपालिका तथा सबै वडा कार्यालयहरुको व्यवस्थापन गरिएको छ । कार्यालयलाई सूचना प्रविधि मैत्री बनाउन सबै वडा कार्यालयहरुमा इन्टरनेट जडान गरिएको छ ।
३. आवश्यक पर्ने प्राविधिक लगायत अन्य जनशक्तिको व्यवस्था गरी कार्यसम्पादनलाई प्रभावकारी बनाइएको छ ।
४. स्वास्थ्य संस्थाहरुमा औषधी तथा ल्याबको व्यवस्था गरिएको छ ।
५. न्यायिक समिति मार्फत विभिन्न उजुरीहरुको किनारा लगाउने काम भएको छ ।
६. कृषिको उत्पादकत्व वढाउन किसानहरुलाई विभिन्न कृषि सामग्री तथा विउ विजन वितरण गरिएको छ ।
७. मूल सडकबाट गाउँपालिकाको केन्द्रसम्म जोड्ने सडकको स्तरोन्नतिको कार्य सम्पन्न भएको छ र विभन्न स्थानमा ट्र्याक खोल्ने तथा सडकको स्तरोन्नतिका कामहरु सम्पन्न भएका छन् ।

८. खानेपानी समस्या समाधानका लागि विभिन्न संघ/संस्था तथा निकायहरुसँगको सहकार्यमा तथा गाउँपालिका आफैंले गरी स्वच्छ खानेपानी आपूर्तिको व्यवस्था गरिएको छ ।
९. विभिन्न स्थानमा एकीकृत घुम्ती सेवा शिविर सञ्चालन गरी जनतालाई घरदैलोमा सेवा पुऱ्याउने प्रयास गरिएको छ ।
१०. विभिन्न स्थानमा विद्युत बिस्तारका कामहरु सम्पन्न भएका छन् ।
११. सीपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गरी रोजगारी सिर्जनाको प्रयास थालिएको छ ।
१२. योजनावद्ध विकासको प्रयास स्वरुप गाउँपालिका यातायात गुरुयोजना वनाई कार्यान्वयनको चरणमा रहेको छ ।
१३. थारु कल्चरल भिलेज, बहुउद्देश्यीय सभाहल, सित भण्डार केन्द्र, दमारगाउँ गोल्टाकुरी सडक, हेकुली विरेन्द्र स्कूल चौकदेखि चिरेगारसम्मको कालोपत्रे, हेकुली चौक देखि बालुवा सडक कालोपत्रे, डाँडागाउँ वडा कार्यालय देखि पोटली डवरा हुँदै हेकुली सडक सम्म कालोपत्रे, बागरदेखि दामोदर सडक कालोपत्रे, बागर देखि  दामोदर सडक कालोपत्रे, लगायतका ठुला आयोजनाहरुको निर्माण कार्य अन्तिम चरणमा पुगेका छन् ।
१४. स्वास्थ्य चौकि नभएका चार वटा वडाहरुमा स्वास्थ्य चौकि भवन निर्माणको कार्य सम्पन्न भएका छन् र प्रत्येक वडाहरुमा स्वास्थ्य सेवा केन्द्र खोली स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
१५. सबैजसो विद्यालयहरुमाको भौतिक पूर्वधार निर्माणको कार्यलाई तिव्रता दिइएको छ ।
१६. सामुदायिक विद्यालयबाट एस ई ई उतिर्ण गरी सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय पढ्ने छात्राछात्रालाई छात्रवृतिको व्यवस्था गरिएकोछ ।
१७. साझेदारी संघियता सहयोग कार्यक्रमसगँको सहकार्यमा गाउँपालिकाको समग्र तस्विर प्रतिविम्व हुनेगरी Digital Profile निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ भने आवधिक योजना निर्माणको प्रकृया प्रारम्भ भएको छ ।
१८. बागरमा Isolation center स्थापना गरी कारृना उपचार कार्य भैरहेको, जसमा HDU बेड संखया १५, साधारण बेड संख्या १० गरी जम्म बेड संख्या २५, ५ थान अक्सिजन कन्सन्ट्रेटर र अक्सिजन सिलिन्डर ४० थान रहेको छ ।
१९. पूर्वधार तर्फ गाउापीलकामा प्रदेश, संघ र अन्य निकायसागकृ सहकार्यमा पालिकाले कालोपत्रे बाटो जम्मा १० कि.मी., नयाँ ट्र्याक निर्माण र सडक स्तरोन्नोति जम्मा २० कि.मी. सम्पन्न गरेको छ ।
२०. कृषि विकासको लागी ५४ वटा कम्वाइन मिल, २६ वटा पावर टिलर, २,३,५,६ र ७ वडामा मौरीको घार वितरण, धान, गँहु, बृसार, तरकारिका उन्नत तथा हाईब्रेड विउँ,किटनाशक तथा ढुसीनाशक विषादी वितरण जस्ता कार्य विभिन्न कार्य गरिएको छ ।
२१. दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरुलाई जग्गाधनी लालपुर्जा वितरणको लागी सात वटै वडामा लगत संकलन कार्य सम्पन्न गरी तथ्यांक प्रवृष्तीकरणको काम भईरहेको छ ।
२२. सुरक्षित आवास कार्यक्रम अर्न्तगत खरको छाना रहेका घरपरिवारहरुलाई टिन वितरण कार्य समपन्न गरिएको छ ।

**सदस्यज्यूहरु**

अव म गाउँपालिकाले आर्थिक वर्ष २०७८ ।०७९ मा अंगिकार गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु । **"हामी सबैको प्रणः समृद्ध दंगीशरण"** भन्ने दिर्घकालिन सोचका साथ सन्तुलित विकासको माध्यमबाट जनतामा समृद्धि हासिल गरी आम नागरिकलाई सुशासनको अनुभुति दिलाउने प्रमुख लक्ष्य अनुरुप हाम्रा क्रियाकलापहरु संचालित हुनेछन् । उपयुक्त सोंच र लक्ष्यबाट क्रियाकलापहरुलाई निर्देशित गर्दै निम्न उद्देश्यहरु पूर्ति गर्ने तर्फ अग्रसर रहनेछौं ।

क. पूर्वधारको विकास गरी आय-आर्जनमा वृद्धि गर्ने,
ख. गरिबी, कुपोषण, निरक्षरता उन्मुलन गर्ने,
ग. सेवा प्रवाह लगायत विकास कार्यमा सुशासनको प्रत्याभूति प्रदान गर्ने,
घ. शिक्षा र स्वास्थ्यमा नागरिकको सहज पहुँच स्थापित गर्ने,
ङ. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण जोखिम कम गर्ने ।

जसबाट देहाय बमोजिमका उपलब्धीहरु प्राप्त गरी समृद्ध दंगीशरणको सपना साकार हुने अपेक्षा गर्दछु ।
१. कृषि र पशुपालनमा व्यवसायीकरण गरी उत्पादन दोब्बर गराउने ।
२. हरेक वडा कार्यालय सम्म यातायातको सहज पहुँच,
३. हरेक नागरिकलाई स्वच्छ खानेपानीको पहुँच,
४. गुणस्तरीय र रोजगारमूलक शिक्षामा सबै बालबालिकाको पहुँच,
५. सिचाईको प्रर्याप्त व्यवस्था मिलाई उत्पादनमा बृद्धि गर्ने,
६. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड- १९ संक्रमण कम भइ जनजीवन सहज हुने,

**सदस्य ज्यूहरु,**
यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा गर्दा नेपालको संविधान २०७२ मा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धताहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घोषणापत्रहरु,दिगो विकास लक्ष्य, पन्ध्रौ पञ्चवर्षीय योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र जनप्रतिनिधि तथा विज्ञहरुको राय सुझाव समेतलाई बार्षिक नीति तथा कार्यक्रम निर्माणको आधारको रुपमा लिएको छ ।

कोभिड-१९ को परिदृष्यमा स्थानीय तहको बार्षिक बजेट कार्यान्वयन गर्दा गाउँ, टोल भेलाको आयोजना गर्दा स्वास्थ्य सुरक्षाको दृष्टिकोणले जोखिमपूर्ण हुने देखि नागरिकको सहभागिताका बैकल्पिक विधिहरु अवलम्बन गर्ने व्यवस्था मिलाई भौतिक दुरी तथा स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरी स-साना समूहमा छलफल गरी टोल विकास संस्था वा अन्य यस्तै प्रकृतिका सामूदायिक संस्थाहरु परिचालन गरी संचार तथा सूचना प्रविधिको उपयोग जस्ता विधि प्रयोग गर्ने व्यवस्था अबलम्बन गरिएको छ ।

साथै, कोभिड १९ संक्रमणको व्यापकताले सिर्जना हुन सक्ने परिस्थतिको आंकलन गरी Isolation Centre, राहत वितरण, सचेतना कार्यक्रम, सूचना तथा तथ्यांक संकलन तथा सम्प्रेषण जस्ता कार्यहरुका लागि बजेट विनियोजन गरिनेछ ।

**सदस्य ज्यूहरु**
अब म क्षेत्रगत रुपमा गाउँपालिकाले अवलम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## क. आर्थिक विकास सम्बन्धि नीतिः

### अ. कृषि तथा पशुपन्छीः
१. स्थानिय स्तरमा कृषि प्रवर्द्धनका लागी ऐन, निति, निर्देशिका तयार पार्ने ।
२. पालिकाका सवै वडामा साना तथा मध्यम खालका कृषि व्यवसाय स्थापना सहयोग गर्ने ।
३. खाद्यान्न दलहन तथा तेलहन वालीका वीउ उत्पादनका लागी आवश्यक कार्यक्रम निर्माण ।
४. वाँझो जमिन उपयोगका लागी वीउ मल तथा आबस्यक सामाग्रीमा अनुदान ।
५. माटोको उर्वरा शक्ति सुधार गर्न माटोम जैवीक पदार्थ वढाउदै लैजान माटो सुधारका लागी आवस्यक कार्यक्रम तथा जैवीक मल उत्पादन तथा वीतरण ।
६. उत्पादन लागत घटाउन कृषि यन्त्र प्रयोगमा जोड तथा यन्त्रमा अनुदान ।
७. वजार माग तथा आपुर्ति अवस्था विस्लेषण गरी कृषकलाई मागमा आधारीत उत्पादन कार्यक्रम अनुदान सहयोग ।
८. गुणस्तरीय उत्पादनका लागी सीपमुलक तालिम प्रदान ।
९. संकलन केन्द्रहरु,कोल्ड स्टोर ,गोदाम घर निर्माण ,खुद्रा तथा थोक खरिद केन्द्रहरु(हाट वजार कृषि प्रदशनी) निर्माण गर्ने ।
१०. कृषि वजार सुचना प्रणाली स्थापना गर्ने ।
११. उत्पादन वृर्दिका लागी विभिन्न विउ विजन वितरण ।
१२. सिचाई सुविधाका लागी आवस्यक कार्यक्रम निर्माण ।
१२. दैनिक खानामा आयातित उत्पादनको सट्टा स्थानिय उत्पादनलाई प्रयोग गर्न प्रोत्साहन ।

१३. माहुरी,च्याउ फार्म निर्माण तथा क्षेत्र विस्तारका लागी आवश्यक कार्यक्रम ।

१४.नगदे तथा मसला वाली उत्पादनका लागी आवस्यक कार्यक्रम निर्माण ।

१५. दंगीशरण गाउँपालिका भित्र क्रियाशील कृषि, समुह र सहकारीहरुको सहकार्यमा व्यवसायिक जीवीकोपार्जन गर्न सीप र त्रानको विकास गरिनेछ ।

१६. गाउँपालिकामा फलफूल खेतीको विकास विस्तारका लागी वागवानी नर्सैरी स्थापना तथा विरुवा वितरण गर्ने कार्य संचालन गरिनेछ ।

१७. खाद्यान्न वालिको उन्नत विऊ उपयोगमा मुल्य अनुदान, उन्नत विऊ वितरकलाई प्रोत्साहान अनुदान, उन्नत विउ उपयोग अनुगमन निरिक्षण गरिनेछ ।

१८. पशु नश्ल सुभार गरी उन्नत जातका पशको विस्तार मार्फत उत्पादकत्व बृद्धि गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१९. बिभिन्न माहामारी रोगहरु (HSBQ, FMD, PPR, Swinfever) उपचार तथा नियन्त्रण गर्नका लागी भ्याक्सीनेटर खोप संचालन गरिनेछ ।

२०. पशु व्यवसायलाई व्यवसायिकरण गर्न पशु आहारा बिकास कार्यक्रम संचालन गरिनेछ ।

२१. माछामा आत्मनिर्भर वनाउन मत्स्य बिकास कार्यक्रम संचालन गरिनेछ ।

२२. दुध तथा मासु उत्पादन गर्ने कृषकहरुका लागी क्षमता अभिबृदिका लागी विभिन्न तालीमहरुको व्यवस्था गरिनेछ ।

**आ. उद्योग तथा वाणिज्य:**

२३. गाउँपालिकामा उत्पादित कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

**इ. पर्यटन :**

२४. पर्यटकीय क्षेत्रहरुको पहिचान झल्किने र अवस्थिति स्पष्ट देखिने गरी सार्वजनिक स्थानहरुमा नक्सा सहितका होडिङ बोर्डहरु राखिनेछ ।

२५. दंगीशरण गाउँपालिकाको गौरव राजा दङ्गीशरणसँग जोडिएको ऐतिहासिक स्थल दङ्गीशरणमा निर्माणाधीन दङ्गीशरण पार्क तथा थारु सांस्कृतिक ग्रामलाई राष्ट्रिय, अन्तराष्ट्रिय पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने गरी संघ र प्रदेश सरकार समेतको सहकार्यमा बृहत्तर आयोजना सञ्चालन गरिनेछ ।

२६. दंगीशरण गाउपालिका भित्रका विभिन्न सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धनको माध्यमद्वारा पर्यटन प्रर्बधनमा जोड दिइनेछ ।

**ई. सहकारी, रोजगारी, उद्यमशिलता तथा वितीय क्षेत्र:**

**२७.** सहकारीहरुको क्षमता विकासका लागि विभिन्न प्रवर्द्धधनात्मक तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**२८. सक्रिय** सहकारीहरुलाई प्रोत्साहित गर्न आवश्यक क्षमता विकास र जिविकोपार्जनका कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. सहकारीहरुलाई उत्पादनसँग जोड्न प्रेरित गरिनेछ ।

३०. सहकारीले सञ्चालन गर्ने स्थानीय स्रोत साधनमा आधारित र रोजगारी सिर्जना गर्ने उद्योग व्यवसायहरुलाई प्रोत्साहित गरिनेछ ।

३१. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्धन गर्न सिपमूलक तालिमको व्यवस्था गरी उत्पादित बस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गरिनेछ ।

३२. वैदेशिक रोजगारी बाट फर्केका बेरोजगार युवाहरुको तथ्यांक संकलन गरी, रोजगारमुलक तथा स्वारोजगारमुलक कार्उक्रम संञ्चालन गरिनेछ ।

**उ. श्रम तथा रोजगारी**

३३. रोजगार सेवा केन्द्र मार्फत वेरोजगार व्यक्तिहरुको लगत संकलन गरी उचित रोजगारी प्रदान गर्नको लागी श्रम वैंकको स्थापना गरिनेछ।

३४. रोजगार सेवा केन्द्रमा सूचिकृत भएका वेरोजगारहरुलाई न्युनतम १०० दिनको रोजगारी सुनिश्चित गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी वनाउनको लागी स्थानिय तहवाट समेत लागत साझेदारी गरिनेछ ।

३५. स्थानिय स्तरमा संचालन हुने सडक, सिचाई, पुल , भवन, नदि नियन्त्रण लगायतका संघ, प्रदेश र स्थानीय तहका योजना तथा कार्यक्रममा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा सुचिकृत व्यक्तिलाई काममा लगाउन पर्ने गरि खरिद सम्झौता गर्नुपर्ने व्यवस्था मिलाईनेछ ।

३६. प्रधानमन्त्री रोजगार कार्यक्रमसंग समन्वय गरी सूचिकृत भएका वेरोजगार व्यक्तिहरुलाई सिपमूलक तालिमहरु समेत प्रदान गरिनेछ ।

## ख. सामाजिक विकास सम्बन्धि नीतिहरुः

अ. शिक्षा :

३७. न्युनतम विद्यार्थी संख्या पुगेका र अंग्रेजी गणित र विज्ञान विषयका शिक्षक व्यवस्थापनका लागि आधारभूत तह ६ ८ र मा.वि. तह ९ र १० सञ्चालित विद्यालयलाई एकमुष्ट अनुदान उपलब्ध गराइने छ ।

३८. शिक्षण सिकाइ सुदृढिकरण अनुकुल भौतिक पूवार्धार र प्रविधिको विकासमा जोड दिइने छ ।

३९. विद्यार्थीको पठनपाठनमा गुणस्तर कायम गर्न शिक्षकहरुलाई विद्यार्थीको सिकाइ प्रति जवाफदेही हुने वातावरण सिर्जना गरिने छ ।

४०. शिक्षकहरुको नियमिततालाई प्रभावकारी बनाउन मासिक हाजिरी विवरण विव्यस अध्यक्ष, वडा अध्यक्षबाट प्रमाणित गर्ने व्यवस्था मिलाइने छ ।

४१. भूगोल र विद्यार्थी संख्याको आधारमा सामुदायिक विद्यालयको कक्षा समायोजन गर्ने नीति लिइने छ ।

४२. कक्षा १० का विद्यार्थीको सिकाइ उपलब्धीमा सुधारका लागि अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था मिलाइने छ ।

४३. विद्यालयको वातावरण सिकाइमैत्री बनाउन आवश्यक लगानी गरिने छ ।

४४. सामुदायिक विद्यालयबाट कक्षा १० उत्तर्ण भई सामुदायिक विद्यालयमा नै कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने छात्रछात्रालाई मासिक छात्रवृतिको व्यवस्था मिलाइने छ ।

४५. संविधानको भावना अनुसार निशुल्क शिक्षा सुनिश्चितताको लागि विद्यार्थी संख्याका आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराइने छ ।

४६. कक्षा १ देखि १० सम्म गणित र विज्ञान विषय अंग्रेजी माध्यामबाट पठनपाठन गराउने विद्यालयलाई प्रोत्साहन अनुदान उपलब्ध गराइने छ ।

४७. प्राविधिक धार सञ्चलन भएका विद्यालयमा साझेदारीमा उद्यम क्रियाकलाप सञ्चालनका लागि अनुदान उपलब्ध गराइने छ । यसबाट अध्ययनरत विद्यार्थीहरुमा उद्यम सीप विकास भइ रोजगारीको अवसर सिर्जनामा मद्त पुग्नेछ ।

४८. शैक्षिक क्यालेण्डर अनुसार पठन-पाठन, विदा र परीक्षामा एकरुपता कायम गरिने छ ।

४९. विद्यालयको आर्थिक पारदर्शिता तथा मूल्यांकन प्रणालीमा प्रविधिको प्रयोग गरिने छ ।

५०. दैनिक पठनपाठन तथा शैक्षिक सेवा प्रवाहमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिने छ ।

५१. प्रारम्भिक वालविकास कक्षामा अध्यापन गराउने सहजकर्ता र विद्यालय कर्मचारीका लागि संघीय सरकारको नीति बमोजिम थप तलब भत्ता उपलब्ध गराइने छ ।

५२. तोकिएको विद्यार्थी संख्या भन्दा वढी भएका विद्यालयलाई शिक्षक व्यवस्थापनका लागि पीसिएफ अनुदान उपलब्ध गराइने छ ।

५३. कोभिड-१९, का कारण भौतिक उपस्थितिमा विद्यालय सञ्चालन नहुन्जेल वैकल्पिक विधि अपनाइ शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिइनेछ ।

५४. विद्यालयमा लैङ्गिक हिंसा , वालविवाह न्युनिकरणका लागी हाजिरि जवाफ निवन्ध र वक्तृत्वकला जस्ता जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

आ. **स्वास्थ्य :**

**५५.** संघिय सरकारवाट प्राप्त ससर्त कार्यक्रम र वजेट संग तालमेल हुने गरी सर्वव्यापी पहुँचको अवधारणा अनुसार पालिकावासीलाई निशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ ।

५६. गाउँपालिका वासीलाई प्रदान गरिने स्वास्थ्य सेवालाई व्यवस्थित गरी थप गुणस्तरिय र प्रभावकारी वनाउन गाँउपालिकाको स्वास्थ्य निती र स्वास्थ्य ऐन तर्जुमा गरी कार्यान्वयन गरिने छ।

५७.महिला स्वास्थ्य स्वयमसेविकाको सेवालाई थप प्रभावकारी वनाउन प्रोत्साहन गरिने छ।

५८. महामारी रोग नियन्त्रण गर्न कोरोना कोषमा आवश्यक रकम व्यवस्था गरिनेछ।

५९. गाँउपालिका भित्रको ३ वटा स्वास्थ्य संस्थामा एम्वुलेन्स, प्रयोगशाला, सुत्केरी सेवा, निशुल्क औषधी सेवा सुनिश्चित गरिने छ र अन्य ४ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रवाट आधारभूत स्वास्थ्य सेवा र कार्यक्रमलाई प्रभावकारी वनाईनेछ ।

६०. बागर स्वास्थ्य केन्द्रको स्तरोन्नति गरी कम्तीमा ५० सैयाको अस्पतालको रुपमा विकास गर्न संघीय सरकार तथा प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ । अन्य स्वास्थ्य संस्थाहरुको स्तरोन्नतिका लागि विशेष पहल गरिनेछ ।

६१. औलो, क्षयरोग, सिकलसेल एनिमिया तथा किशोरीहरुमा हुने रक्तअल्पता जस्ता समस्याको निराकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

६२. स्वास्थ्य संस्थामा नियमित गर्भ जाँच गराउनुका साथै स्वास्थ्य संस्थामै सुत्केरी गराउने दरलाई सतप्रतिशत पुर्याउने गरी सचेतना वा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

६३. विद्यालय पोषण कार्यक्रम, सुत्केरी तथा बालबालिका लक्षित पोषण कार्यक्रम लगायतका पोषण लक्षित विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकालाई पूर्ण खोपयुक्त गाउँपालिकाका रुपमा स्थापित गरिनेछ ।

६४. सबै गाउँबासीलाई कोभिड-१९ विरुद्धको भ्याक्सिन लगाउनका लागी सरकारसँग आवश्यक समन्वय तथा पहल गरिनेछ र नागरिकहरुले भ्याक्सिन लगाएको सुनिश्चित गर्न अभियान चलाइनेछ ।

६५. यौन तथा प्रजनन् स्वास्थ्य अधिकारको सुनिश्चित गर्नका लागी विद्यलयहरुमा साथी शिक्षकहरुको व्यवस्था गरिनेछ ।

६६. यौन तथा प्रजनन् स्वास्थ्यलाई ध्यानमा राखेर प्याड बितरण तथा ब्यवस्थापनको लागी इन्सीनेटरको ब्यबस्था गरीनेछ ।

६७. स्वास्थ्यमा सबै जनताको पहुँच अभिबृद्धि गर्ने उद्देश्यका साथ विभिन्न स्थानमा स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।

६८. स्वच्छ वातावारण स्वस्थ्य चिन्तन अभियान सञ्चालन गरी सरसफाईंलाई विशेष जोड दिइनेछ ।

**इ. खानेपानी तथा सरसफाई :**

६९. स्वच्छ खानेपानि तथा सरसफीईको सरल, सहज रुपमा सबै गाउँबासीहरुलाई सुलभ रुपमा व्यवस्था गरीनेछ ।

७०. दलित, अल्पसंख्यक जाती मध्ये आर्थिक रुपमा विपन्न वर्गहरुलाई खानेपानी वितरणमा प्रयोग हुने सामाग्री निःशुल्क रुपमा उपलब्ध गराइनेछ ।

७१. खानेपानीसँग सम्वन्धित आयोजनाहरु सञ्चालन गरिनेछ ।

७२. वास संग सम्वन्धित वास प्लानका वाँकि कामहरु सम्पन्न गरिनेछ ।

७३. डिप वोरिङ निर्माण एवं सञ्चालन गरिनेछ ।

**ई. परमपरागत संस्कृती संरक्षण तथा सम्र्वद्धनः**

७४. थारु सांस्कृतिक महोत्सब लगायत अन्य सांस्कृतिक कार्यक्रमहरुको आयोजना गरी थारु संस्कृतिको प्रवर्द्धनका लागि विशेष पहल गरिनेछ ।

७५. थारु संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्दै पर्यटन प्रवर्दधन र आर्थिक समृद्धिसँग जोड्ने गरी गाउँपालिका भित्र थारु होम स्टे सञ्चालनमा ल्याइनेछ ।

७६. पर्यटकिय क्षेत्रहरुको पहिचान झल्किने र अवस्थिति स्पष्ट देखिने गरी सार्वजनिक स्थानहरुमा नक्सा सहितका होडिङ्ग बोर्डहरु राखिनेछ ।

७७. थारु समुदायमा रहेका महतँवाहरुले गरेको कामहरुको लिखित दस्तावेजीकरण गरिनेछ ।

**उ. लैगिंक समानता तथा सामाजिक समावेशिकरण :**

**महिला, बालबालिका तथा जेष्ठ नागरिकः**

७८. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण निति प्रकाशनका लागी आवश्यक कानुन निर्माण गरि प्रभावकारी कार्यान्वयन गरीनेछ ।

७९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निति कार्यान्वयनको लागी समिती तथा उप समिती गठन गरिने छ ।

८०. दंगीशरण गाउँपालिकामा लैगिंक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि निति तथा कार्यक्रम कार्यान्वयनका लागी सम्बद्ध सरोकारवालाहरुको संस्थागत क्षमता अभिवृद्धी गरीनेछ ।

८१. दंगीशरण गाउँपालिकामा सामाजिक सद्भाव सुमधुर बनाउन तथा विद्मान सबै प्रकारका भेदभावजन्य प्रचलन तथा व्यवाहारलाई अन्त्य गर्न विभिन्न चेतनामुलक कार्यक्रमहरु संञ्चालन गरीनेछ ।

८२. हिंसा प्रभावित र लक्षित वर्गको आर्थिक सशक्तिकरण तथा क्षमता अभिवृद्धीका लागी सिपमुलक तथा रोजगारमुलक कार्यक्रमहरु संञ्चालन गरी पूर्नस्थापना गरीनेछ ।

८३. वाल विवाह तथा लैगिंक हिंसा न्यूनीकरण का लागी दंगीशरण गाउँपालिकाको ७ वटै वडाहरुमा चेतनामुलक कार्यक्रमहरु संञ्चालन गरीनेछ । सो कार्यक्रम गर्न टोल विकास संस्था र नागरिक समाज संस्थाको परिचालन गरिनेछ ।

८४. दंगीशरण गाउँपालिकालाई महिलामैत्री र बालमैत्री गाउँपालिका बनाउनको लागी वडा नं ३ लाई नमुनाको लागी छनोट गरी कार्यक्रम संञ्चालन गरीनेछ ।

८५. दंगीशरण गाउँपालिकाको सामाजिक समावेशी विकासको अभियानलाई सार्थक बनाउन महिला, अपाङ्ग, जेष्ठ नागरीक, वालवालिका आदी वर्गको लागी विशेष कार्यक्रमहरु (सचेतीकरण, आर्थिक सशक्तिकरण, नेतृत्व विकास) संञ्चालन गरीनेछ ।

८६. पालिकाको योजना तथा सेवा प्रवाहलाई लैगिक तथा समावेशि वनाउनका लागि हरेक वर्ष लैगिंक समानता तथा समाजिक समावेशिकरण परिक्षण (GESI Audit) गरिनेछ ।

८७. पालिका स्तर ,वडा स्तर तथा समुदाय स्तरमा गठन गरिने विभिन्न समितिहरु, उपसमितिहरु, उपभोक्ता समिति, दण्ड प्रभावित, समुह, संजालमा महिला ,दलित, अपाङ्गता भएका व्यक्तिहरु, यौनिक अल्पसंख्यक, सिमान्तकृत तथा पछाडि पारिएका वर्ग र समुदायको समानुपातिक र समावेशि सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चित गरिने छ ।

८८. लैगिंक हिंसा, सार्वजनिक स्थलमा महिला तथा किशोरी माथि हुने हिंसा, मानव वेचविखन लगायतका हानीकारक परम्परागत अभ्यास (वालविवाह, वहु विवाह, बोक्सी प्रथा, छुवाछुत) तथा अपराधजन्य कार्यलाई न्यूनीकरण र निरूत्साहित गर्न शुन्य सहनशीलताको नीति लिइनेछ ।

८९. लैगिंक समावेशीताको आधारमा मनोविर्मशकर्ता र मनोविमर्श केन्दको व्यवस्था गरि कार्यान्वयन गरिनेछ ।

९०. दण्ड प्रभावितहरुको तथ्यांक संकलन गरी उनीहरुको शिक्षा, स्वास्थ्य, रोजगारमा पहुँच भएको सुनिश्चित गरिने छ ।

९१. महिला, वालवालिका, अपाङ्गता भएका न्येष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका तथ्यांक संकलन र अध्यावधि गरिनेछ ।

**ऊ. युवा तथा खेलकुद :**

९२. स्काउटिङ अभियानलाई विकास र विस्तार गराउन सहयोग गरिनेछ ।

९३. युवाहरुलाई खेलकुद तर्फ आकर्षित गर्न खेलकुद गतिविधिहरु बढाइनेछ ।

## ग. पूर्वधार विकास सम्बन्धि नीतिहरुः

**अ. स्थानीय सडक, पुल तथा झोलुंगे पुलः**

९४. "**पूर्वाधार, समुन्नतिको आधार, विकास जनताको अधिकार**" भन्ने मान्यतालाई आत्मसाथ गरी विभिन्न क्षेत्रका पूर्वाधार विकासलाई विषेश प्राथमिकता दिइनेछ ।

९५. गाउँपालिकाका वडाहरुबाट गाउपालिकाको केन्द्रसँग जोड्ने सडकहरुको निर्माण, स्तरोन्नति तथा क्रमशः कालोपत्रे गर्दै लगिनेछ ।

९६. जग्गा उलपब्ध भएका स्थानहरुमा वडा कार्यालयहरुको आफ्नै कार्यालय भवन निर्माणका लागि कार्य प्रारम्भ गरिनेछ ।

९७. गाउँपालिकाको बृहत्तर विकास र समृद्धिका लागि अल्पकालीन, मध्यकालीन, दीर्घकालीन लक्ष्यसहितको गुरुयोजना तयार गरी विगतको अभ्यासमा रहेका टुक्रे योजनाहरुमा बजेट विनियोन गर्ने परम्परालाई अन्त्य गर्दै पूर्वाधार विकासमा केही ठुला र विशेष महत्वका योजनाहरु सञ्चालनमा ल्याइनेछ ।

९८. सञ्चालनमा रहेका भौतिक योजनाहरुको निरन्तर सञ्चालनका लागि, मर्मत सम्भार कोषको स्थापना गरिनेछ ।

९९. जनताको अपेक्षासँग प्रत्यक्ष रुपमा जोडिएको सडक पूर्वाधार विकासलाई विशेष प्राथमिकताका साथ सञ्चालन गरिनेछ । सञ्चालित सडक योजनाहरुको स्तरोन्नति गर्ने कार्यलाई विशेष प्राथमिकता दिइनेछ । सडक तथा अन्य भौतिक पूर्वाधारको विकास र स्तरोन्नतिमा स्थानीयको लागत सहभागितामा जोड दिदै साझेदारी विकासलाई प्रोत्साहन गरिने छ ।

१००. विभिन्न स्थानमा पुल निर्माणका लागि संघीय तथा प्रदेश सरकारमा पहल गरिनेछ ।

. दंगीशरण गाउँपालिकाका सबै बस्तीलाई समेट्ने गरी चक्रपथ निर्माणको सम्भाव्यता अध्ययन गरी प्रदेश तथा संघीय सरकारको सहयोगमा कार्य प्रारम्भ गरिनेछ र घर निर्माण, सडक लगायतका भौतिक पूर्वाधारको मापदण्ड निर्धारण गरिनेछ ।

१०१. उपभोक्ता समितिहरुलाई योजना सम्पन्न गर्न अपनाउनु पर्ने विधि प्रकृया लगायतका सम्पूर्ण विषयमा जानकारी हुने गरी प्रारम्भमै तालिम दिने व्यवस्था मिलाइनेछ । उपभोक्ताहरुले बुझ्ने गरी नेपाली अङ्ग्रेजी दुबै भाषामा लगत स्टिमेट तयार पार्ने व्यवस्था मिलाइनेछ ।

**आ. भुमीः**

१०२. दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुलाई जग्गाधनी लालपुर्जा वितरणको लागी सात वटै वडामा लगत संकलन कार्य सम्पन्न भइरहेको र आगमी वर्षमा लालपुर्जा वितरणको कार्य सम्पन्न गरिनेछ ।

१०३. भू उपयोग तथा व्यवस्थापन अर्न्तगत पालिका भित्र रहेको भुमि व्यवस्थाको समग्र स्थिती पहिचान गरी एकिकृत अभिलेख राख्ने कार्यको थालनी गदै वडा भित्रका सार्वजनिक जग्गाको खोजी गरी संरक्षण गरिनेछ ।

१०४. जमिनको खण्डीकरण गर्ने र जमिनलाई बाँझो छोड्ने कार्यलाई अनुसन्धान गरी निरुत्साहित गरिनेछ ।

**इ. सिचांई तथा उर्जाः**

१०२. सिचाई पूर्वधार बढाउन आवश्यक व्यवस्था गरिनेछ ।
१०३. सिचाई सुविधाका लागी आवश्यक कार्यक्रम गरिनेछ ।
१०४. विद्युत नपुगेको पोल तथा तार विस्तारको काम अघि बढाइनेछ ।

**ई. भवन तथा सहरी विकासः**

१०५. भवन मापदण्ड तथा भवन आचार संहिता लागु गरि घर नक्सापास, घर अभिलेखिकरण तथा घर नियमित गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ ।
१०६. बाढी प्रभावित क्षेत्रको जोखिममा रहेका भवनहरुको संरक्षण गरिनेछ ।

## घ. वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीतिहरुः

१०७. स्थानीय विपद जोखिम न्यनीकरण रणनितिक कार्ययोजना तथा विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरि जोखिमलाई न्यूनिकरण गर्दै लगिने छ । साथै स्थानीय विपद तथा जलवायु उत्थानशील योजना (LDCRMP) तर्जुमा गरि कार्यान्वनमा ल्याउनेछ । यस्ता योजना तयारी तथा कार्यान्वियन गर्न विकास साझेदार सस्थाहरुसंग सहकार्य गरिनेछ ।

१०८. दंगीशरण गाउँपालिकाको योजनाबद्ध विकास गरी सुन्दर दंगीशरण निर्माणका लागि भू-उपयोग नीति तयार गरी कार्यान्वयन प्रारम्भ गरिनेछ ।

१०९. स्थानीय तह भित्र रहेका बाँझो जग्गाहरुको एकिकृत तथ्यांक संकलन गरी सो को पूर्ण उपयोगको व्यवस्था मिलाउन भूमि बैंकको अवधारणा कार्यान्वयन गर्न सहजीकरण गरी यस्तो कार्यलाई प्रोत्साहन गर्न ऋण सहुलियत तथा अनुदान लगायतका व्यवस्था मिलाइने छ ।

११०. कोभिड १९ बाहेकका विपदहरुको रोकथाम तथा न्यूनिकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुर्नलाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद् व्यवस्थापन र कोरोना कोषमा आवश्यक बजेटको व्यवस्था गरी विपद् जोखिम न्यूनीकरणका लागि चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

१११. नदी कटानको जोखिम न्यूनीकरण गरी बस्ती तथा खेतीयोग्य जमिनको सुरक्षाको लागि कटान युक्त क्षेत्रमा प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा तटबन्ध निर्माणको कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

११२. पानीको मुहान र जलाधार क्षेत्र संरक्षणको कार्यलाई प्राथमिकता दिइनेछ ।

११३. फोहरमैला व्यवस्थापनको उचित प्रवन्ध मिलाइनेछ । सरसफाई तथा फोहरमैला व्यवस्थापनका सन्दर्भमा विभिन्न सूचकहरु निर्धारण गरी सरसफाईयुक्त नमूना बस्ती घोषणा गरिनेछ र यस्ता बस्तीहरुलाई विशेष रुपमा प्रोत्साहित गरिनेछ ।

११४. "**समृद्धीका लागी वनको दिगो व्यवस्थापन**" भन्ने मुल नारालाई आत्मसाथ गरिनेछ ।

११५. जलवायु परिवर्तन, अनुकुलन तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धि तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गरिने र विपद् प्रभावित क्षेत्रबाट तथ्याङ्क संकलन गरि आवशयक राहतका लागी व्यवस्था गरिनेछ ।

## ङ. संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धि नीतिहरुः

### अ. क्षमता विकास तथा सेवा प्रवाहः

११६. पालिकाको समग्र योजनाबद्ध विकासको लागी मध्यकालिन खर्च संरचना सहितको आवधिक योजना निर्माण गरि यसैका आधारमा विषयगत रणनितिक योजना तथा वार्षिक योजना तयार गर्ने पद्धतिको विकास गरिनेछ ।

११७. कर्मचारी प्रशासनलाई जवाफदेही, उत्तरदायी, प्रतिस्पर्धी र उत्प्रेरित गर्न कर्मचारीको मनोबल उच्च बनाउन गाउँपालिकाको काम कारबाही प्रकृयालाई चुस्त, दुरुस्त, मर्यादित र समयमै सम्पादन योग्य, बनाउने कर्मचारीको कामको तथ्यपरक मूल्याङ्कन गरी उत्कृष्टताका आधारमा गाउँपालिकाको तर्फबाट प्रोत्साहन स्वरुप पुरस्कृत तथा सम्मान उपलब्ध गराउने नीति लिइनेछ ।

११८. गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्न विभिन्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

११९. गाउँपालिकाबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन कार्यपालिका तथा सभाबाट गठित विभिन्न समितिहरुलाई जिम्मेवारी तोकी क्रियाशील बनाईनेछ ।

१२०. सुचना माथि सरल र सहज बनाउनका लागीको लागी पालिकाको बिद्युतिय पार्श्वचित्र (Digital Profile) निर्माण गरि पालिकाको वेवसाइटमा राखिने छ ।

१२१. पालिका भित्र रहेका सबै टोलहरु समावेश गरेर टोल विकास संस्था गठन गरि योजना तर्जुमा, उपभोक्ता समिती गठन, सार्वजनिक परिक्षण तथा अनुगमन कार्यमा परिचालन गरिनेछ ।
१२२. स्थानिय पालिका भित्र रहेका विभिन्न सामुदायिक संस्थाहरुको संस्थागत विकास गरीनेछ ।
१२३. पालिकाको लागी आवश्यक पर्ने विभिन्न निति, ऐन, कार्यवित्रि, निर्देशिका, नियम बनाउँदा संघ, प्रदेश विभिन्न संघ/संस्थाहरु र स्थानिय ब'द्धिजिवी तथा सरोकारवालासागको सहकार्य र समन्वयमा बनाइनेछ ।

**आ. न्यायिक कार्य सम्पादन :**

१२४. न्यायिक काम कारवाहीलाई छिटो छरितो सरल, सहज र कम खर्चिलो रुपमा समाजमा हुने विवादलाई मेलमिलापको माध्यम बाट विवाद समाधान गरीनेछ ।
१२५. मिलापत्र भएको विवादहरुको कार्यान्वयनको पक्षका बारेमा वडा स्तरमा निगरानी समुह परिचालन गरीनेछ ।
१२६. ७ वटै वडा कार्यालयमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलापको माध्यम बाट विवाद समाधानमा जोड् दिइनेछ र व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

१२७. मेलमिलापकर्ता नभएको वडाहरुमा रोस्टरमा मध्यस्तकर्ता राखिएको मेलमिलापकर्ता सुचिकृत नभए सम्म सोलाई निरन्तरता दिइनेछ ।
१२८. मेलमिलापकर्तालाई मेलमिलाप सम्बन्धि प्रशिक्षणको व्यवस्था गरिनेछ ।
१२९. हिंसा प्रभावित महिला, बालबालिका र जेष्ठ नागरीकहरुलाई सुरक्षित आवास (सेफ हाउस) अल्पकालिन रुपमा सुरक्षित बाँस, छोटो अवधिको सिपमुलक तालिम लगायत अन्य कार्यक्रम संञ्चालन गरीनेछ ।

१३०. लैगिक विभेदमा आधारित हिंसाका घट्नाहरु अभिलेखिकरण र विश्लेषण गर्ने र हिंसा सम्बोधन गरिनेछ ।
१३१. न्यायिक समितीलाई लैगिक हिंसा भित्रको संवेदनशिलतालाई व्यवस्थापन गर्नका लागी क्षमता अभिवृद्धि गरिनेछ ।

---

**इ. सूचना प्रविधि तथा संञ्चार :**

१३२. पालिकाका सेवा र सूचनाहरु अनलाइन मार्फत प्रशारण गर्ने र वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुविधाहरुलाई विद्युतीय प्रणालीबाट उपलब्ध गराउने व्यवस्थालाई अझ प्रभावकारी बनाईनेछ ।

१३३. सेवा प्रवाहमा टोकन प्रणाली, सार्वजनिक सुनुवाई, जनतासँग जनप्रतिनिधिको प्रत्यक्ष संवाद रेडियो कार्यक्रम, डिजिटल नागरिक वडापत्र, डिजिटल नोटिस बोर्ड र सामाजिक सञ्जाल लगायत विविध प्रविधिसँग जोडिनेछ ।
१३४. सूचना प्रविधिको उच्चतम प्रयोग सम्बन्धी वडा स्तरमा गई जनमानसमा सचेतनामूलक र अभिमुखीकरण कार्यक्रम गरिनेछ ।
१३५. पालिकाको सूचना प्रवाहका लागी एकद्वार प्रणाली अपनाईनेछ र सुचना अधिकारी मार्फत जानकारी गराई सुचना प्रदान गरिनेछ ।
१३६. पालिकामा बनेका ऐन, नियमावली, कार्यविधिहरु वेवसाइडमा राखिनेछ ।
१३७. सुचनाको हकको प्रत्याभूति गराउदै गाउँपालिका भित्र एक विद्युतीय सूचना केन्द्रको स्थापना गरिनेछ ।

**ई. पञ्जीकरण, स्थानीय तथ्यांक संकलन, सामाजिक सुरक्षा र अभिलेख व्यवस्थापनः**

१३८. गाउँपालिकालाई आवश्यक पर्ने तथ्यांकहरु संकलन गर्न सम्बन्धित शाखा र सहयोगी संघ-संस्थाहरुको सहकार्यमा दस्तावेजीकरण गरिनेछ ।

१३९. सामाजिक उत्तरदायित्वलाई बढवा दिन आवश्यक जनशक्ति, नागरिक समाज, सामुदायिक संस्था र गैर सरकारी संस्थाहरुको पहिचान गरी परिचालन गरिनेछ ।

१४०. पञ्जिकरणलाई व्यवस्थित गर्न र तथ्याङ्क अध्यावधिक गर्नका लागी पञ्जिकरण दर्ता शिविर संञ्चालन गरिनेछ ।

**उ. अनुसन्धान तथा विकास**

१४१. ठूला पूर्वाधार निर्माण तथा प्राकृतिक स्रोत उपयोगमा वातारणीय अध्ययनलाई अनिवार्य गरिनेछ ।

**ऊ. सुशासन प्रवर्द्धन :**

१४२. स्थानीय तह संस्थागत स्वमूल्यांकन निर्देशिका, २०७७ ले तय गरेका सूचकहरुमा देखिएका राम्रा अभ्यासहरुलाई निरन्तरता दिदै सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गरि क्षमता विकास योजना तयार गरिनेछ र त्यसको कार्यान्वयमा तिव्रता ल्याइनेछ । गाउँपालिकाबाट सञ्चालन गर्ने क्रियाकलापहरुमा नवप्रवर्तन (Innovation) लाई जोड दिइनेछ ।

१४३. पालिकाले प्रदान गरिने सेवालाई सर्वसुलभ, छरितो र प्रबिधिमैत्री बनाइनेछ । सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गर्दै, नागरिक समाज र सरोकारवलाहरूबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यवस्था मिलाइने छ ।

१४४. पालिकाको चौमासिक रुपमा नागरिक समाजका सस्थाहरुसंग अन्तरक्रिया गरि सुझावहरु लिइनेछ र यस पालिकामा काम गर्ने विकास साझेदारहरु, गैसस तथा नागरिक समाजसंग समेत चौमासिक रुपमा विकास गतिविधिको समिक्षा गदै सिकाई आदान प्रदान गर्ने कार्यलाई प्राथमिकताका साथ लागू गरिनेछ ।

१४५. सेवा प्रवाहको न्यूनतम मापदण्ड नमुनाको रुपमा तयार गरि सो को कार्यान्वयन प्रणाली वनाई सर्वसुलभ सेवा प्रवाह गरिनेछ ।

१४६. विपन्न तथा सेवामा सर्वसुलभ पहुँच नपुगेका समुदायहरुलाई सरल र सहज सेवा लिन सहयोग पुऱ्याउन हेल्प डेस्क स्थापना गरी संचालन गरिनेछ ।

१४७. गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा, विकास कार्यहरुको प्रभावकारी रुपमा संचालन गर्न, गराउन सेवाग्राहीहरुबाट सुझाव संकलन, गुनासो व्यवस्थापन, र नागरिक वडापत्र सम्बन्धी कार्यलाई आधुनिक प्रविधिमैत्री बनाई चाँडो भन्दा चाँडो सम्बोधन गर्ने प्रणालीको स्थापना एवम् संचालनको व्यवस्था मिलाइनेछ । यस्तो कार्य वडास्तरमा समेत विस्तार गरिनेछ ।

१४८. सार्वजनिक सेवाको गुणस्तर, कार्यशैली र व्यवहारको लेखाजोखा गर्न सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, लैङ्गिक उत्तरदायी बजेट जस्ता विधि तथा औजारहरुको प्रयोग गरिनेछ ।

१४९. गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शााखा वा ईकाईको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधि मैत्री बनाइने छ । त्यसको लागि आवश्यक पर्ने कागजात, लाग्ने समय, प्रकृया र दस्तुर समेतको जानकारी हुने गरी मोबाइल एप्सको निर्माण गरिनेछ । यस्तो एप्सलाई गाउँपालिका सम्बन्धी जुनसुकै जानकारी प्राप्त गर्न सकिने स्रोतका रुपमा स्थापित गरिनेछ ।

१५०.सामाजिक परीक्षण तेस्रो पक्ष, अनुगमन सामुदायिक स्कोर कार्ड जस्ता विधिहरुको प्रयोग गरी सुशासन, पारदर्शिता अभिबृद्धि गरिनुका साथै भ्रष्टाचार बिरुद्धको शून्य सहनशीलतामा जोड दिइनेछ ।

१५१. वित्तीय तथा आर्थिक अनुशासन कायम गर्न र छिटो छरितो सेवा प्रवाह गर्न प्रशासनिक क्रियाकलापमा प्रविधिको प्रयोगमा जोड दिइनेछ । लेखा, राजस्व, जिन्सी तथा जनशक्ति व्यवस्थापन लगायतका कार्यहरुलाई समेत सफ्टवेयरमा आधारित बनाइनेछ ।

१५२. वेबसाइट, अडियोभिजुअल सूचना पाटी तथा नागरिक वडापत्रको उपयोगलाई प्रभावकारी बनाइने छ ।

१५३. वडा कार्यालय सम्म भरपर्दो इन्टरनेट सुविधा बिस्तार गरी सम्पत्ती कर, घटना दर्ता, सामाजिक सुरक्षा विवरण, दर्ता नवीकरण लगायतका कार्यहरुलाई वडास्तरबाटै सञ्चालन गरिनेछ । गाउँपालिकाको वेबसाइटलाई सम्पूर्ण सूचना प्राप्त गर्न सकिने थलोका रुपमा बिकास गर्नुका साथै गाउँपालिका तथा वडा कार्यालयहरु समेतको फेसबुक पेज निर्माण गरी सुचना सम्प्रेषणमा जोड दिइनेछ ।

१५४. अनुगमन प्रणाली, तथ्याङ्क संकलन तथा सुशासन प्रवर्द्धन जस्ता विषयलाई विद्युतीय माध्यामको प्रयोग गरी बढी भन्दा बढी अनलाइनमा आधारित बनाइनेछ ।

१५५. कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ । कर्मचारी तथा जनप्रतिनिधिहरुलाई सेवाग्राही मैत्री बनाउन उत्प्रेरणात्मक तथा सकारात्मक सोच सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५६. दंगीशरण गाउँपालिकाको स्रोत नक्साङ्कन र घर नम्बरिङ कार्य यसै वर्ष सम्पन्न गरिनेछ ।

१५७. दङ्गीशरण गाउँपालिकाका सबैजसो कार्यलाई डिजिटलाइज गर्ने गरी तयारी गरिनेछ ।

१५८. गाउँपालिकाको समग्र विकासलाई एकीकृत रुपमा अगाडी बढाउन गाउँपालिका, साझेदारी संघियता सहयोग कार्यक्रमको प्रविधिक सहयोग तथा अन्य गैरसरकारी संस्थाहरुसँगको सहकार्यमा ६ महिनाभित्र गाउँपालिकाको आवधिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याई गा.पा.लाई आवश्यक पर्ने कार्यक्रम तथा कानुनहरु निर्माण गरिनेछ ।

१५९. सुचनाको आधारमा योजना तर्जुमा गर्ने पद्धतिको विकास गरिनेछ, जसका लागी पालिकाको विद्युतीय पार्श्वचित्र निर्माण गरी सबैको पहुँचका लागी वेवसाइटमा राखिनेछ ।

१६०. विनियोजन कुशलतालाई प्रभावकारी र दिगो बनाउन मध्यकालिन खर्च संरचना तयार गरिनेछ ।

**ए. वितीय अनुशासन तथा आन्तरिक राजश्व परिचालनः**

१६१. राजश्व परामर्श समितिबाट अपेक्षा अनुरुप राजश्व असुली भए नभएको चौमासिक रुपमा समीक्षा गरी परिचालन तथा प्रभावकारी उपायहरुको आबलम्वन गरिनेछ ।

१६२. राजश्व प्रशासनलाई सुदृढ बनाउन शाखामा विद्युतीय उपकरण, सफ्टवेयर जडान तथा जनशक्तिको क्षमता विकास र वडाबाट संकलन हुने राजश्वलाई अनलाईन प्रणालीमा आवद्ध गराइनेछ ।

१६३. करका स्रोत र करदाताको लगत अद्यावधिक गरी राजश्व सुधार गरिनेछ ।

१६४. "**मेरो विकासका लागि कर**" भन्ने अभियानका लागि करदातालाई कर तिर्ने भावना विकास गर्न करदाता शिक्षा प्रदान गरिनेछ ।

१६५. सम्पत्ति कर सम्बन्धी व्यवस्थालाई अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ । यो लगायतका अन्य जुनसुकै कर तथा राजश्वहरु सम्बन्धित वडा कार्यालयहरुबाटै भुक्तानी गर्न सकिने गरी प्रबन्ध मिलाइनेछ ।

१६६. गाउँपालिकाको राजस्व प्रशासन सुधारको लागि राजस्व सुधार योजना तर्जुमा गरी कार्यन्वयनमा ल्याइनेछ ।

१६७. आर्थिक ऐनलाई समय सापेक्ष पुनरावलोकन तथा संशोधन गरि कर तथा गैरकर राजस्व सम्बन्धि ऐन तर्जूमा गरिनेछ ।

१६८. बेरुजु न्यूनीकरणका लागि लेखा व्यवस्थापन, वित्तीय अनुशासन र कानूनको परिपालनामा जोड दिनुका साथै कायम भएका बेरुजु फछ्र्यौटका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१६९. आन्तरिक लेखा नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

## (च) विविधः

**क) कोभिड १९ बाट सिर्जित संकट व्यवस्थापन**

१७०. आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने योजनाहरुको छनौट गरिने छ ।

१७१. संक्रमण जोखिम रहँदा सम्म अशक्त असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवं अपांगता भएका व्यक्तिहरुका लागि राहातका कार्यक्रम संचालन गरिने छ ।

१७२. कोभिड १९ मा स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री मास्क, पञ्जा, सेनिटाईजर, पिपिईहरुको अभाव नहुने गरी आवश्यक व्यवस्था मिलाईने छ ।

१७३. कोभिड १९ संक्रमणको सम्भावित जोखिममा रहेका नागरिकहरुलाई नेपाल सरकारले तोके बमोजिम क्यारेन्टाइनमा राख्ने व्यवस्था मिलाई आवश्यकता अनुसार छिमेकी स्थानीय तहसँग समेत समन्वय र सहकार्य गरी आइसोलेसन वार्डको समेत व्यवस्था गरिने छ ।

१७४. कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्षमता विकास तथा जनचेतनामूलक कार्यका लागि आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।

१७५. एम्बुलेन्स, शव बहान, दमकल जस्ता सेवालाई चौविसै घन्टा संचालन गरी तयारी हालतमा राखी कोभिड १९ का कारण विद्यार्थी, गर्भवती महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, डिप्रेशनमा रहेका व्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराइने छ ।

१७६. दंगीशरण गाउँपालिकामा कोरोना रोकथामका लागी विभिन्न चेतनामुलक कार्यक्रम संञ्चालन गरिनेछ ।

१७७. कोरोना भाइरसको संम्वेदनशिलतालाई ध्यान दिदै योजना निर्माण तथा सेवा प्रवाह गर्नका लागी कोभिड संवेदनशिलता मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

**कर अन्तमा,**

यो नीति तथा कार्यक्रम तयार पार्न सल्लाह सहयोग प्रदान गर्नुहुने सम्पूर्ण वुद्धिजिवि, दंगीशरण वासी, जनसमुदाय तथा कर्मचारी वर्गहरुमा हार्दिक आभार प्रकट गर्दछु र आगामी दिनमा यो नीति तथा कार्यक्रम कार्यान्वयनमा समेत यहाँहरु सवैको साथ सहयोगको अपेक्षा राख्दछु ।

धन्यवाद !

भागीराम चौधरी
अध्यक्ष
दंगीशरण गाँउपालिका।